# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा

प.सं. ०७७/७८
च.नं.

१ नं. प्रदेश नेपाल

बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
१ नं. प्रदेश, नेपाल

### प्रेस विज्ञप्ति

यस बाह्रदशी गाउँपालिका वडा नं.–५ मा अन्यत्रबाट पाहुना आएका एक व्यक्तिलाई मिति २०७७/०५/१९ गते कोरोना संक्रमण पुष्टि भएको हुँदा निजको सम्पर्कमा (Close Contact) आएका व्यक्तिहरुको कोरोना परीक्षण गर्नु पर्ने भएकोले गाउँपालिका स्तरीय कोरोना नियन्त्रण समन्वय समितिको मिति २०७७/०५/२० गते बसेको बैठकले देहायका निर्णयहरु गरेकोले सोही बमोजिम गर्नु गराउनु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ।

### तपसिल

१. संक्रमित व्यक्तिको Close Contact मा आएका व्यक्तिहरुको PCR Test गरेर नतिजा प्राप्त नभएसम्म देहाय बमोजिमको क्षेत्रभित्र आज मिति २०७७/०५/२० गते साँझ ६ :०० बजे देखि लागु हुने गरी निषेधाज्ञा जारी गरिएकोले अत्यावश्यक सेवा र वडा अध्यक्षको इजाजत विना उक्त इलाकामा कुनै पनि किसिमका सवारी साधन चलाउन, हिडडुल गर्न, बजार लगाउन लगायतका कार्यहरु निषेध गर्ने।
 पूर्वः शहिद मार्ग,
 पश्चिमः मिलन मार्ग,
 उतर : वडा नं. ५ को गोलधाप फूलबारी हुँदै विरिङ्ग खोला जाने मार्ग,
 दक्षिण : रामनगर स्कूल देखि उतर र वडा नं. ४ र ५ को सिमाना सम्म,

२. गाउँपालिका कार्यालय क्षेत्र आसपास निषेधाज्ञा लागु नहुने।
३. उक्त अवधिभर वडा नं. ५ को कार्यालय बन्द रहने।

**मिति २०७७ भाद्र २०**

.............................
शम्भु सिंह राजवंशी
प्रवक्ता